आज मिति २०८२ साल जेष्ठ २ गते विहान ०८:०० बजे शुक्रवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ५३ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | - |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | - |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| | | आमन्त्रित कर्मचारीहरु | | |
| १ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री नेत्र बहादुर थापा | वरिष्ठ शिक्षा अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री लोकेन्द्र बहादुर भण्डारी | आर्थिक प्रशासन शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री भूपेन्द्र बहादुर शाही | स्वीकीय सचिव सहायक पाँचौं | ठाँटीकाँध गापा दैलेख | |

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८२/०२/०२ गतेको ५३ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १**

कर्णाली मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि योजना छनौट गरी पठाउने सम्वन्धमा ।

**प्रस्ताव नं. २**

आगामी आर्थिक वर्ष ०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमाको लागि कार्यतालिका स्वीकृत गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ३**

विभिन्न निर्देशिका तथा कार्यविधि स्वीकृत सम्बन्धमा ।

**प्रस्ताव नं. ४**

कर्णाली छोरी सम्मेलन २०८२ का लागि सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

**प्रस्ताव नं. ५**

श्री कारागार कार्यालय दैलेख र श्री जिल्ला प्रहरी कार्यालय दैलेखको अनुरोध पत्रानुसार आवश्यक सहयोग उपलब्ध गराउने सम्वन्धमा ।

**प्रस्ताव नं ६**

कर्णाली प्रदेश सरकारको सुचना अनुसार आगामी आ व का लागि सशर्त अनुदान तर्फका योजना छनोट गरी पठाउने सम्बन्धमा ।

**प्रस्ताव नं ७**

सेरीपाटा बुदेनी जौचौर सडक निर्माण सम्वन्धमा ।

**प्रस्ताव नं ८**

कर्णाली जल परियोजना अन्तर्गत यु एस ए आईडीले हस्तान्तरण गरेको बाह्य निर्माण प्रयोग सम्बन्धमा ।

**प्रस्ताव नं ९**

उपचार रकम भुक्तानी सम्बन्धमा ।

**प्रस्ताव नं १०**

पूर्ण खोप युक्त पालिका घोषणा सम्बन्धमा।

**प्रस्ताव नं. ११**

ठाटीकाँध गा पा ३ स्थित विशाला सामुदायिक स्वास्थ्य इकाई माझखर्कमा अ न मी पदपुर्ति सम्बन्धमा ।

ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... कर्णाली प्रदेश

...सी प्रसाद उपाध्याय प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरु :

### निर्णय नं १

प्रस्ताव नं. १ माथि छलफल गर्दा श्री कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सुर्खेतको प सं २०८१।०८२,चलानी नं ३०६२ र मिति २०८२।०१।२१ को सुचना अनुसार मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनोट तथा सिफारिस गरी पठाउने भन्ने प्राप्त पत्र र यस कार्यालयबाट मिति २०८२।०१।२५ मा वडा कार्यालयहरुलाई योजना छनोट गरी पठाउन पत्राचार गरिएकोमा वडा कार्यालयहरुबाट वडा समितिको बैठकको निर्णय सहित योजना सिफारिस भई आएकोमा सोही अनुसारका योजना पछि संशोधन वा परिमार्जन नगर्ने गरी सिफारिस सहित श्री कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सुर्खेतमा पठाउने निर्णय गरियो ।

तपसिल

| क्र सं | कार्यक्रम/आयोजनाको नाम | वडा नं | आयोजनास्थल | प्रस्तावित रकम रु | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | राताटाकुरा वगुरा पत्थरिघर हुदै ठाटीकाँध सम्म पदमार्ग निर्माण | १ | सिराडी | १५ लाख | पदमार्ग | |
| २ | सिस्नेखोला सालमेला खानेपानी मुहान संरक्षण तथा तटबन्धन निर्माण | २ | सिस्नेखोला र सालमेला | १५ लाख | खानेपानी | |
| ३ | तल्लाथान गडी गोठीखोला वाँहाकोट पदमार्ग निर्माण | ३ | | १५ लाख | पदमार्ग | |
| ४ | हलानेखोला माझाचौर डाडाखाल सिचाई योजना | ४ | डाडाखाल | १५ लाख | सिचाई | |
| ५ | तुसारपानी अधिकारीचौर लेककाडाँ खानेपानी निर्माण योजना | ५ | अधिकारीचौर | १५ लाख | खानेपानी | |
| ६ | देउलेसीम देखि कालढुंगा सम्म पदमार्ग निर्माण | ६ | | १५ लाख | पदमार्ग | |

### निर्णय नं २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमाको लागि देहाय अनुसारको कार्यतालिका स्वीकृत गर्ने निर्णय गरीयो ।

तपसिल

| क्र.स. | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | आगामी आर्थिक वर्षको राजस्व (आन्तरिक श्रोत, राजस्व बाँडफाँड, | २०८२।०२।०८ गतेभित्र | राजस्व परामर्श समिति | |

| | | | | |
|---|---|---|---|---|
| | तथा अनुदान) को प्रक्षेपण र राजश्व अनुमान तयारी, | | | |
| २. | बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार एवम् कुल बजेट अनुमान,सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयारी, | २०८२।०२।०९ गते | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | |
| ३. | विषयगत शाखा तथा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन उपलव्ध गराउने, | २०८२ जेठ ११ गते भित्र | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | गाउँपालिका स्थित विभिन्न राजनीतिक दल, वुद्दिजिवी तथा अन्य सरोकारवालाहरुसँग नीति तथा कार्यक्रम एवम् बजेट निर्माणका लागि राय, सल्लाह तथा सुझाव संकलन | २०८२ जेठ १२ देखि १५ गते भित्र | गाउँपालिका अध्यक्ष | |
| ५. | बस्ती/टोलस्तरको बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँड गर्ने एवम् बस्ती टोलस्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने | २०८२ जेष्ठ २० गते भित्र | वडा समिति र समितिका तोकिएका सदस्य एवम् वडा सचिव | |
| ६. | वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने | २०८२ जेष्ठ २२ गते भित्र | वडा समिति तथा वडा कार्यालय | |
| ७. | गाउँपालिकामा कार्यरत विकास साझेदारहरुसँग छलफल | २०८२ जेष्ठ २५ गते भित्र | गैसस फोकल पर्शन | |
| ८. | विषयगत शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण, विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण एवम् साङ्केतिकरण गर्ने | २०८२ जेष्ठ २६ गतेदेखि ऐ २९ गते भित्र | विषयगत समिति र शाखा प्रमुख | |
| ९. | नीति तथा कार्यक्रम तर्जुमा, | २०८२ आषाढ १ | बजेट तथा कार्यक्रम | |

| | | | | |
|---|---|---|---|---|
| | | भित्र | तर्जुमा समिति | |
| १०. | वार्षिक बजेट (राजस्व र व्यय) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने, | २०८२ आषाढ ५ भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| ११. | विकास साझेदारका कार्यक्रमहरुलाई एकिकृत गरी समावेश गर्ने, | २०८२ असार ६ गते भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| १२. | आर्थिक विधेयकको मस्यौदा तयार गर्ने, | २०८२ असार ७ गते भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| १३. | विनियोजन विधेयक मस्यौदा तयार गर्ने, | २०८२ असार ७ गते भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| १४. | मध्यमकालिन खर्च संरचना तर्जुमा, | २०८२ असार ७ गते भित्र | मध्यमकालिन खर्च संरचना प्राविधिक समिति | |
| १५. | नीति तथा कार्यक्रम, बजेट (राजस्व तथा व्ययको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालिन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गर्ने | २०८२ असार ७ गते | गाउँ कार्यपालिका | |
| १६. | नीति तथा कार्यक्रम र बजेट किताब छपाई, | २०८२ असार ९ गते भित्र | प्रमुख प्रशासकीय अधिकृत | |
| १७. | गाउँ सभाको १७ औं अधिवेशन बाट नीति तथा कार्यक्रम, बजेट (राजस्व तथा व्ययको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालिन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक गाउँ सभामा प्रस्तुत | २०८२ असार १० गते | गाउँपालिका अध्यक्ष र उपाध्यक्ष | |
| १८. | गाउँ सभाको १७ औं अधिवेशन बाट नीति तथा कार्यक्रम, बजेट (राजस्व तथा व्ययको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालिन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयकमाथि छलफल तथा स्वीकृति | २०८२ असार २४ गते भित्र | गाउँ सभा | |
| १९. | गाउँ सभाको १७ औं अधिवेशन बाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम | २०८२ असार असार मसान्त भित्र | गाउँ कार्यपालिकाको कार्यालय | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | SuTRA मा प्रविष्टि | | | |
| २०. | बजेट पुस्तिका तयारी तथा छपाई गर्ने | २०८२ साउन ३० गते भित्र | गाउँ कार्यपालिकाको कार्यालय | |

निर्णय नं ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा देहाय अनुसारका निर्देशिका तथा कार्यविधिको मस्यौदा अध्ययन गरी पेश गर्न सुशासन तथा संस्थागत विकास समितिलाई जिम्मेवारी दिईएकोमा सो समितिले पेश गरेको सुझाव सहित समावेश गरी उल्लेखित निर्देशिका तथा कार्यविधि स्वीकृत गर्ने निर्णष गरियो ।

तपसिल

१· ठाटीकाँध गाउँपालिकाको वाल समुह सञ्जाल गठन तथा सहजीकरण निर्देशिका २०८२

२· ठाटीकाँध गाउँपालिकाको सामाजिक सुरक्षा भत्ता कार्यक्रमका लागि योग्य सबै लाभग्राहीहरुको पहुँच सुनिश्चित गर्न निर्माण गरिएको आधारभूत कार्यविधि २०८२

निर्णय नं ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८२ बैशाख २७ देखि २९ गतेसम्म श्री कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र श्री ज्योति फाउण्डेसन सुर्खेतको आयोजनामा सञ्चालन भएको कर्णाली छोरी सम्मेलन २०८२ का लागि सहयोग स्वरुप रु ५० हजार चालु आ ब को जोखिममा परेका वालवालिका शीर्षकमा विनियोजित रकम मध्येबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा श्री कारागार कार्यालय दैलेख र श्री जिल्ला प्रहरी कार्यालय दैलेखको अनुरोध पत्रानुसार क्रमशः खेलकूद सामग्री खरिद र प्रतिक्षालयमा फर्निचर व्यवस्थापन वापत रु १५/१५ हजारका दरले चालु आ ब को विविध खर्च शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८२।०१।२८ को सूचना अनुसार आगामी आ ब २०८२।०८३ का लागि स्थानीय तहबाट कार्यान्वयन हुने सशर्त अनुदान तर्फका योजनाहरु देहाय अनुसार छनौट गरी बजेट विनियोजन गरिदिनहुन सिफारिस सहित उक्त मन्त्रालयमा पठाउने निर्णय गरियो ।

तपसिल

| क्र सं | योजना तथा कार्यकर्मको नाम | योजना स्थल | अनुमानित लागत रु लाखमा | कैफियत |
|---|---|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन केन्द्र डम्पिङ साईड निर्माण | ठाटीकाँध गा पा ६ दैलेख | ५० | |
| २ | प्राथमिक स्वास्थ्य केन्द्र तला थप | ठाटीकाँध गा पा १ दैलेख | १०० | |
| ३ | ठुलछडी ठाटीकाँध बजार खानेपानी आयोजना | ठाटीकाँध गा पा १ र ६ दैलेख | १०० | |
| ४ | छोरेखेत नदाई तल्लो गाउँ खानेपानी आयोजना | ठाटीकाँध गा पा १ दैलेख | ३५ | |

| | | | | |
|---|---|---|---|---|
| ५ | ठाटीकाँध बजार कट्धारा उनीकोट हुँदै २ नं वडा कार्यालय सडक निर्माण | ठाटीकाँध गा पा १ र २ दैलेख | ५० | |
| ६ | प्याडुली डाडाखाल भुवानथान सम्म सडक निर्माण तथा स्तरोन्नति | ठाटीकाँध गा पा २ र ४ दैलेख | १०० | |
| ७ | लामामेला गुयलसीम देउलेसीम सडक निर्माण तथा स्तरोन्नति | ठाटीकाँध गा पा ६ दैलेख | ५० | |
| ८ | मानाकोट नुवावन वौघा सडक स्तरोन्नति | ठाटीकाँध गा पा १ दैलेख | ३५ | |
| ९ | धामीगाउँ ज्यामीचौर बाहाकोट सडक स्तरोन्नति | ठाटीकाँध गा पा ३ दैलेख | ३५ | |
| १० | गाईधारा भेरीपातल बाहाकोट सडक निर्माण तथा स्तरोन्नति | ठाटीकाँध गा पा ३ दैलेख | ३५ | |
| ११ | पुलबजार मटेला बाहाकोट मदानताल सडक स्तरोन्नति | ठाटीकाँध गा पा ३ दैलेख | १०० | |
| १२ | सेरीपाटा बुडेनी जौचौर सडक निर्माण तथा स्तरोन्नति | ठाटीकाँध गा पा २ दैलेख | ५० | |
| १३ | ठाटीकाँधबजार आग्र हुँदै ५ नं वडा कार्यालय सडक निर्माण तथा स्तरोन्नति | ठाटीकाँध गा पा ६ र ५ दैलेख | ५० | |
| १४ | कृषि उपज संकलन केन्द्र निर्माण | ठाटीकाँध गा पा दैलेख | ४० | |
| १५ | अल्लो प्रशोधन तथा कपडा उत्पादन कार्यक्रम | ठाटीकाँध गा पा ४ धनकोट | १५ | |
| १६ | अधेरीखोला जिउनी सिचाईकुलो निर्माण योजना | ठाटीकाँध गा पा १ दैलेख | २० | |
| १७ | गैरागाउँ सिचाईंकुलो निर्माण योजना | ठाटीकाँध गा पा ४ दैलेख | ३० | |
| १८ | लुतेखोला हाडासैन वागेटाकुरा सिचाई योजना | ठाटीकाँध गा पा १ दैलेख | १० | |
| १९ | ठुलाखोला जाम्नासैन सिचाईकुलो निर्माण | ठाटीकाँध गा पा १ दैलेख | १० | |
| २० | वडा कार्यालय भवन तला थप | ठाटीकाँध गा पा १ दैलेख | ५० | |
| २१ | वडा कार्यालय भवन निर्माण | ठाटीकाँध गा पा २ दैलेख | ६० | |
| २२ | विशाला स्वास्थ्य चौकि देखि धामिगाउँ सम्म सडक निर्माण | ठाटीकाँध गा पा ३ दैलेख | ६० | |
| २३ | दानतडा सिचाई कुलो निर्माण योजना | ठाटीकाँध गा पा ३ दैलेख | ५० | |
| २४ | वडा कार्यालय भवन निर्माण | ठाटीकाँध गा पा ५ दैलेख | ६० | |
| २५ | वडा कार्यालय भवन निर्माण | ठाटीकाँध गा पा ४ दैलेख | ६० | |
| २६ | ठाटीकाँध वजार देखि प्याडुलि हुइता सम्म सडक निर्माण तथा स्तरोन्नती | ठाटीकाँध गा पा १ र २ दैलेख | ६० | |
| २७ | वडा कार्यालय भवन निर्माण | ठाटीकाँध गा पा ६ दैलेख | ६० | |
| २८ | सामुदायिक वहुउद्देश्यीय संस्था भवन निर्माण | ठाटीकाँध गा पा ६ दैलेख | ६० | |
| २९ | मालिका मा वि पाँचला खेलमैदान निर्माण | ठाटीकाँध गा पा ६ दैलेख | ५० | |

CamScanner

निर्णय नं ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा तपशिल बमोजिम निर्णय गरियो।

तपशिल

क) यस ठाटीकाँध गाउँपालिकाको आ व २०८१।०८२ मा कर्णाली प्रदेश सरकारको सशर्त अनुदानबाट संचालित शेरीपाटा बुडेनी जौचौर मोटर बाटो स्तरोन्नति ठाटीकाँध गाउँपालिका वडा नं २ (ठेक्का नं TRM/DLKNCB/SBJMBS/06/2081/082) आयोजनाको काम सुरु गर्दा शेरिपाटाको भागमा काटेको चट्टानले सिस्ने खानेपानी मुहान बिग्रिने भनि प्याडुली टोल र टम्टल्ला टोलका उपभोक्ताबाट विरोध हुदाँ मिति २०८१।१२।१९ गते गाउँपालिका उपाध्यक्ष श्री देवीराम वडुवालको अध्यक्षतामा जनसमुदाय संग बसेको बैठकले उक्त सडकको काम जौचौर देखि सुरु गर्ने सहमति भएकोले सो सहमति अनुसार जौचौर लाई सुरु स्थानमानि सडक निर्माण कार्य भएकोमा सो लाई अनुमोदन गर्ने निर्णय गरियो।

ख) माथि उल्लेखित सडकको काम जौचौर देखि सुरु गर्दा BOQ Item No. 2.1 को परिमाण सुरु लागत अनुमान भन्दा घट्ने र BOQ Item No. 2.2 को परिमाण सूरु लागत अनुमान भन्दा बढ्ने देखिएकाले उक्त दुई वटा Item को Variation Order सुरु सम्झौता रकम भन्दा बढी नहुने गरी स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा कर्णाली जल परियोजना अन्तर्गत यु एस ए आईडी र यस गाउँपालिकाको साझेदारीमा निर्माणाधिन रहेका खानेपानी योजनामा कर्णाली जल परियोजना अन्तर्गत यु एस ए आईडी बाट रकम निकासा नहुने र यस पालिकाबाट सो योजनाको लागि श्रोत सुनिश्चित नभएको हुँदा कर्णाली जल परियोजना अन्तर्गत यु एस ए आईडी बाट हस्तान्तरण भई आएको बाह्य निर्माण सामाग्री मध्ये सिमेन्ट विग्रिने भएको हुदाँ सो सिमेन्ट रावत होटल देखि हेलिप्याड सम्मको पहुँच मार्ग निर्माण कार्यमा प्रयोग गर्ने र वचत भएको सिमेन्ट निर्माणधिन योजनाहरुमा प्रयोग गरी सो योजनाबाट पछि सोध भर्ना हुँने गरी प्रयोग गर्ने र वाकि सामाग्रि यथा स्थानमा सुरक्षित राख्ने निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा ठाटीकाँध गाउँपालिका वडा नं ४ का वडा सचिवका नावालक छोरीलाई यस कार्यालयको सवारी साधन वा २ झ ४२४७ ले ठक्कर दिई चोटपटक लागेको हुँदा उपचार वापत खर्च भएको रु ४९ हजार मध्ये भुक्तानी दिन बाँकि रकम रु २४ हजार स्थानीय तह प्रकोप व्यवस्थापन कोषको आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस ठाटीकाँध गाउँपालिकालाई आवश्यक प्रक्रिया पुरा गरी मिति २०८२ जेष्ठ महिना भित्र पूर्ण खोप युक्त पालिका घोषणा गर्ने निर्णय गरियो।

निर्णय नं ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा विशाला सामुदायिक स्वास्थ्य इकाई माझखर्कमा कार्यरत अ न मी श्री संगिता शाही २०८१ असोज महिना देखि हाल सम्म कार्यालयमा अनुपस्थित भएको र पटक पटक सम्पर्क गर्दा समेत सम्पर्कमा नआएकोले निजको करार सम्झौता रद्द गरी उक्त पदमा ७ दिने सूचना प्रकाशन गरी २०८२ असार मसान्त सम्मका लागि विभिन्न स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको तलब भत्ता शीर्षकबाट भुक्तानी हुने गरी करार सेवामा पदपुर्ति गर्नका लागि गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।